नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ असोज १३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 29 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४२

## भारतीय गाडी आउने गरी सीमानाका खोलिएको छैन –गृह मन्त्रालय

प्रस, परवानीपुर, १२ असोज/

गत मङ्गलवार समाचार आयो– पूरै खुल्ला किसिमले सीमा खुला गर्ने निर्णय नभएको बताए।



सुनसान वीरगंज–रक्सौल नाका जोड्ने मितेरी पुल। तस्वीरः प्रतीक

नेपालका सबै नाका खुल्ला गर्ने सरकारको निर्णय। राति करीब ८ बजेपछि आएको यो समाचारलाई धेरै पत्रकार र सञ्चारजगत्ले कपी–पेस्ट गरे। करीब डेढ वर्षदेखि नेपाल–भारत सीमानाका बन्द रहेको अवस्थामा आएको यो खबरले सीमावर्ती क्षेत्रका मानिसहरूभन्दा पनि होटल व्यवसायीहरू प्रफुल्ल भए। तर सीमानाका खुलेको होइन, खुकुलो मात्रै पार्ने सरकारले निर्णय गरेको छ। मन्त्रिपरिषद्ले गरेको निर्णयमा भारतीय गाडी भन्सार बिन्दुमा राजस्व बुझाएर नेपाल प्रवेश गर्न पाउने भन्ने साबिकको अवस्थाझैं निर्णय गरेको छैन। शर्त पालना गरी स्थलमार्ग भएर भारतीय र तेस्रो मुलुकबाट आउने पर्यटकलाई प्रवेश अनुमति मात्र दिइएको र मापदण्ड पालना गरी सीमानाका खोलिएको गृह मन्त्रालयका सूचना अधिकारी उपसचिव दिलकुमार तामाङले प्रस्ट्याए। उनले २०७६ चैतको पहिलो साताअघिको जस्तो

उनले भारतीय गाडी सहजै नेपाल आउने किसिमले सीमा खोल्ने निर्णय नभएको र भारतीयको हकमा ७२ घण्टाअघिको नेगेटिभ देखिने एन्टिजेन वा पिसिआर रिपोर्ट, अनलाइन फाराम भर्नैपर्ने र तोकिएको होटलमा पनि एन्टिजेन परीक्षण गरेर बस्नुपर्ने र विदेशीको हकमा यो शर्तका साथै खोपका दुवै मात्रा लगाएको हुनुपर्ने निर्णय भएको बताए। यी शर्त पालना गर्नेले नेपाल प्रवेश गर्न सक्ने उनले बताए।

यता, नेपाली काङ्ग्रेस पर्साका सभापति अजयकुमार द्विवेदीको टोलीले सरकारले सीमा खोल्ने निर्णय गरे तापनि भारतीय निजी सवारीसाधनहरू नआउँदा सीमानाका खुलेको अनुभूति नभएपछि सीमा क्षेत्रको अवलोकन गरेको छ।

पर्सा काङ्ग्रेसले सरकारको निर्णय हचुवाको आधारमा भएको भन्दै संशोधन गर्न माग गरेको छ।

एकजना काङ्ग्रेसका नेताले भने– सीमामा पैदल आवतजावत कहिले रोकिएको छ र खोल्ने निर्णय सरकारले गरेको ? वीरगंज–रक्सौल नाका पहिलो कोरोनाकालमा एकाध महीनासम्म बन्द रह्यो होला, त्यसपछि दुवैतर्फका मानिसहरूको आवतजावत जारी नै छ।

पैदलयात्री मात्र आउने गरी सरकारले सीमानाका खोलेको घोषणाले सबैलाई निराश पारेको र सरकारले सित्तैमा वाहवाही बटुल्ने काम गरेकोले आलोचना शुरू हुन लागेको बताए।

वीरगंजका होटल व्यवसायीहरूले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर भारतीय गाडी आउने किसिमले साबिकझैं सीमानाका खोल्न ज्ञापनपत्र बुझाएका थिए। त्यसपछि प्रम देउवा सीमानाका खोल्न सकारात्मक देखिएका थिए। तर पहिलेको जस्तो सीमानाका खोल्न सरकारले निर्णय नगरेकोले वीरगंज र देशभरका पर्यटकीय क्षेत्रका व्यवसायीहरू निराश भएका छन्। भारतीय निजी सवारीसाधन सञ्चालनमा नआउन्जेलसम्म यहाँको पर्यटन क्षेत्रमा सुधार नहुने स्थानीय होटल व्यवसायीहरूको भनाइ छ।

## उपभोक्ता समिति पुनर्गठनमा ढिला वन क्षेत्रका मानिस सेवाबाट वञ्चित

ओमप्रकाश चौधरी, सेढवा, १२ असोज/

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतका मध्यवर्ती क्षेत्र व्यवस्थापनको उपभोक्ता समिति विघटन भएको दुई महीना बितिसक्दा पनि पुनर्गठन हुन सकेको छैन।

उपभोक्ता समिति पुनर्गठन नहुँदा सो क्षेत्रका जनसमुदाय सेवाबाट वञ्चित भएका छन्। पर्साको जीराभवानी र ठोरी गाउँपालिकामा रहेका चारवटा मध्यवर्ती समिति क्षेत्रका सर्वसाधारणहरू विभिन्न सेवाबाट वञ्चित भएका छन्।

मध्यवर्ती क्षेत्र अन्तर्गतका सुनाखरी उपभोक्ता समितिका पूर्वअध्यक्ष भीमबहादुर पाख्रिनले समितिको पुनर्गठन नभएको कारण सर्वसाधारणहरूले समितिमार्फत पाउने काठ, दाउरा, नदीजन्य पदार्थ पाउन नसकेको बताए। उनले निकुञ्जले गरेको आयआर्जन तथा निकुञ्जको राजस्वको ३०–५० प्रतिशत आम्दानी समितिमार्फत खर्च गर्ने व्यवस्था भएको हुँदा सोको लाभ सर्वसाधारणले उपभोग गर्न नपाएको बताए।

निकुञ्जको बफरजोन जङ्गलको सीमासँग जोडेको मानवबस्तीहरूमा बसोबास गर्ने समुदायको सधैं जङ्गली जनावरहरूबाट धनजनको क्षति हुने गरेकाले निकुञ्जको राजस्वबाट स्थानीयको जीवनस्तर उकास्न खर्च गरिने व्यवस्था छ।

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्सामा चार तथा बारामा दुई र मकवानपुरमा सात गरी १३ वटा उपभोक्ता समिति छन्। यस सम्बन्धमा

(बाँकी अन्तिम पातामा)

## वीरगंजमा तस्करी बढ्दो एकै दिन लाखौं मूल्यका सामान बरामद

प्रस, परवानीपुर, १२ असोज/

चाडपर्व नजीकिँदै गर्दा वीरगंज भएर



भन्सार छलीका लत्ताकपडा। तस्वीरः प्रतीक

भन्सार छलीका सामानको तस्करी बढेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साले दैनिक लाखौं मूल्यका भन्सार छलीका सामान बरामद गर्नुले पनि तस्करी फस्टयाएको सङ्केत गर्छ। जिल्ला प्रहरी कार्यालय पर्साले गत आइतवार राति एकै दिन ४७ लाख मूल्यको अवैध सामान बरामद गरेको थियो। प्रहरीले वीरगंजबाट नेपालगंजको लागि छुटेको ना.२ख ००२५ नम्बरको ट्रक गण्डक चोकमा चेकजाँच गर्दा बिलबिजक नभएको ४७ लाख मूल्यको सामान बरामद भएको दाबी गरेको छ। सामानको बिल नदेखाएपछि ट्रक चालक ४१ वर्षीय नवीनकुमार श्रेष्ठलाई नियन्त्रणमा लिएर आवश्यक कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको छ।

त्यसैगरी, आइतवार राति वीरगंज महानगर–२४ रामगढवा भएर तिलावे पुलतर्फ गइरहेको प्रदेश नं २ ०३–००१–थ

(बाँकी अन्तिम पातामा)

आत्महत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौं, समस्याको समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## विचारसार र सूक्तिहरू

तीर्थहरूमा सबैभन्दा श्रेष्ठ तीर्थ तपाईंको हृदय हो । यो जति निर्मल र निष्पाप हुन्छ, तीर्थहरू त्यतिकै नजीक हुन्छन् ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# समय छँदै होश पुर्‍याउनु बेस

**समयमा नचेत्ने र समय घर्केपछि पछुतो गर्ने हामी नेपालीको पुरानो बानी हो । कोरोनाका कारण बाहिर चहलपहल घटेकोले वा नगरपालिकाको क्रियाशीलताले फोहर व्यवस्थापन राम्ररी भएकोले हो, बितेका केही महीना वीरगंजबाट लामखुट्टे हराएको थियो । लामखुट्टे हराउनुको अर्थ यसबाट सर्ने तमाम रोगहरूबाट मुक्ति हो । खासगरी नेपालमा विगतका दिनमा डेङ्गुको प्रकोप फैलिँदै गएको थियो । रोग नलागे पनि साँझ–बिहान लामखुट्टेको टोकाइले मानिसलाई आच्छुआच्छु पार्ने गरेको सामान्य कुरा हो । बाहिरबाट यहाँ आउनेहरूलाई वीरगंज लामखुट्टेको शहर भन्ने भान पर्नु स्वाभाविक भएको थियो । यद्यपि आजको दिनसम्म आइपुग्दा, ग्लोबल वार्मिङ अथवा पर्यावरणीय असन्तुलनको दबाबले नेपालमा हिमाली भेग छाडी सर्वत्र लामखुट्टेको पहुँच सहज भइसकेको छ । राजधानी काठमाडौंमा लामखुट्टे छिरेको झन्डै तीन दशक भइसकेको छ । मानिसको बसोवास बाक्लिंदै जाने, शहरी सुविधा जुटाउन नसक्ने, फोहर तथा नाली र ढलको उचित व्यवस्थापनको अभावले लामखुट्टेजस्ता परजीवी हुर्कनु स्वाभाविक हो । बितेको समयमा अनियोजित मात्र होइन, अचाक्ली शहरीकरण पनि भएको हो, जसले गर्दा देश नै लामखुट्टेमय भइसकेको छ ।**

**यति कुरा उठाउनुपर्ने आवश्यकता किन देखा पर्‍यो भने यस हप्तादेखि वीरगंजमा फाट्टफुट्ट लामखुट्टे देखा पर्न थालेको छ । कोरोनाको राप कम भएको छ, मानिसको चहलपहल बढेको छ, विभिन्न चाडपर्वहरू आउने तिथि नजीकिँदै गएको छ । निरन्तर वर्षाको वेग थामिएको छ र दुस्सह गर्मी खेप्नुपरिरहेको छ । यही हो लामखुट्टे प्रजननका लागि उपयुक्त समय । हिजोसम्म पानी परिरहँदा नालाहरूमा पानीको प्राकृतिक बहाव कायम थियो । अब नालाको पानी नालामैं बस्छ । पानी नालामैं बस्नु भनेको लामखुट्टेका अन्डाहरूले सुरक्षित वासस्थान पाउनु हो । पानी बगिरहँदा अन्डा बगेर जान्छ वा मर्छ । अब जीवित रहन्छ । एकपटकमा लाखौंको सङ्ख्यामा फुल पार्न सक्ने लामखुट्टेहरूको उत्पादनशीलताको अगाडि महागरपालिकाको कुनै जोर चल्दैन । त्यो पनि वीरगंजजस्तो महानगरपालिकामा जहाँ प्रायः नालाहरू खुला छन्, जसमा पानी आफैं बग्दैन, बगाउनुपर्छ । भनिन्छ यस्ता नबग्ने नाला, खाली जग्गा जहाँ पानी र फोहरको मेल हुन्छ लामखुट्टेका लागि आदर्श जन्मस्थल तयार हुन्छ, वीरगंजमा टोलपिच्छे होइन, घरपिच्छे यस्तो नाला र जग्गा पाइन्छ । यसमा निश्चय नै लामखुट्टे जन्मन्छ, हुर्कन्छ । यसर्थ दीर्घकालीन समाधानका लागि नाला बग्ने खालको, मुख ढाकिएको, खाली जग्गाहरूमा पानी जम्न नपाउने वा अल्पकालीन उपायको लागि निरन्तर कीटनाशक औषधि छरिरहनुको विकल्प छैन ।**

**युरोप, अमेरिकातिर यसरी लामखुट्टेको बिगबिगी भइदिएको भए उनीहरूले लामखुट्टेबाट पनि कोरोना सर्छ कि भन्ने अनुसन्धान गर्ने थिए होलान् । नेपालका लागि उनीहरूले अनुसन्धान गरिदिने कुरा आउँदैन, नेपालीले आफ्नै हैसियतमा यस्तो अनुसन्धान गर्ने परम्परा छैन, कसैको त्यसमा चासो पनि छैन । हो हामीले गर्न सक्ने भनेको लामखुट्टेजन्य रोगहरूबाट मुक्ति पाउन समय छँदै होश पुर्‍याउनु र जुन उपाय सम्भव छ, त्यसबाट लामखुट्टे नियन्त्रण गर्नु हो । मौसममा पर्याप्त नमी र अचाक्ली गर्मी नै लामखुट्टे प्रजननको लागि उपयुक्त मौसम हो, अहिले त्यही बेला छ । तसर्थ यसमा तनिक विलम्ब नगरी सक्रिय हुनुबाहेक धर छैन ।**

# कसरी निकास खोज्ने ?

स्वतन्त्र विचार



विनोद गुप्ता

**संविधानको एकमात्र वैधानिक व्याख्या गर्ने सर्वोच्च पनि आफैं संवैधानिक विवादमा मुछिएको छ । यस्तो अस्तव्यस्त अवस्थामा नयाँ संविधानले छ वर्ष पूरा गरेको छ । विश्वको उत्कृष्टमध्येको एक र दक्षिण एशियाकै सर्वोत्कृष्ट भनिएको यो संविधान छैटौं वर्षमा सम्मतिको विधान भने बन्न सकेको छैन ।**

हरेक प्रजातान्त्रिक देशमा सुशासनका लागि राज्यका तीनवटा अङ्ग विधायिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ । यो व्यवस्था हाम्रो देशमा समेत विद्यमान छ । तर आमजनतालाई भने यो भए नभएको अनुभूति हुन छाडेको छ । प्रजातन्त्र र देशकै सर्वोच्च र शक्तिशाली विधायिकालाई नै दुई तिहाइको बहुमत प्राप्त सरकारले चलाउन नसकेपछि गैरसंवैधानिक बाटोबाट दुई/दुई पटक विघटन गर्‍यो र अहिले ७६(५) अनुसारको कार्यपालिकाले देश चलाउँदैछ । यो सम्पूर्ण घटनाक्रममा सबैभन्दा महत्त्वपूर्ण प्रश्न के उठ्छ भने हुँदै नभएको अधिकार प्रयोग गरेर गरिएको विघटन सच्चिए पनि गराउने व्यक्तिलाई भने केही नहुने यो कस्तो प्रजातन्त्र हो ।

आमनागरिक जसको तिरोबाट सरकार चल्छ, उसले समयमा राजस्व नबुझाए जरिवाना तिर्नुपर्ने, सजाय भोग्नुपर्ने तर राजनीतिकर्मीहरूले गैरकानूनी मात्रै होइन गैरसंवैधानिक कार्य गरे पनि केही नहुने ? आर्थिक नभए पनि कमसेकम नैतिक सजायको भागीदार त बनाउनै पर्ने होइन ? यो नभएर नै अहिले नेपाल सरकारले काम गर्न सकेको छैन । संसद्को बैठकमा मुख्य प्रतिपक्षी दलको दङ्गा शैलीको विरोधका कारण महत्त्वपूर्ण र संवेदनशील अध्यादेशसमेत दुई मीहनादेखि प्राथमिकतामा नपरी निष्क्रिय भएका छन् । तेजाब आक्रमण घटनासम्बन्धी तेजाब तथा अन्य रासायनिक पदार्थ अध्यादेश, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी अध्यादेश, प्रहरी तथा प्रदेश प्रहरी एवं संशोधन अध्यादेश पूर्णतया निष्क्रिय भएका छन् । यी सबै अध्यादेश ओली सरकारका पालामा जारी भएका हुन् र संसद्मा उनीहरूकै विरोधका कारण निष्क्रिय पनि भए ।

त्यस्तै, बजेट अध्यादेशसमेत निष्क्रिय भएको छ । त्यसलाई प्रतिस्थापन गर्न सरकारले संसद्मा पेश गरेको प्रतिस्थापन विधेयक पनि प्रतिपक्षको अवरोधकै कारण स्वीकृत नभएकोले देश आर्थिक नाकाबन्दीमा परेको छ । यो विधेयक संसद्बाट पास नहुन्जेल सरकारले खर्च गर्न पाउनेछैन । यस्तै, विनियोजन अध्यादेश, राष्ट्र ऋण उठाउने अध्यादेश र आर्थिक अध्यादेश पनि निष्क्रिय भइसकेका छन् । गरीब देशको जनताले तिरेको करबाट विकास निर्माणका काम त हुन सकिरहेको थिएन, त्यसमाथि भ्रष्टाचारमा एशियामैं राम्रो स्थान प्राप्त गरेको देशमा जनताको मतबाट निर्वाचित जनप्रतिनिधिहरूको एक समूह जसको संसद्मा अहिले बहुमतसम्म छैन, त्यसले संसद्लाई काम गर्न नदिएर ढुकुटीको अपव्यय गराइराखेको रोक्ने कुनै कानून छैन, न फौजदारी, न देवानी । कस्तो राम्रो गणतान्त्रिक संविधान बनाएका छौं, हामीले । राजनीतिकर्मीहरूलाई जे गरे पनि केही नहुने ।

दोस्रो अङ्ग कार्यपालिका हो । संसद् नै चलेको छैन, कार्यपालिकाले के काम गर्ने भन्न सकिन्छ तर सत्तारूढ गठबन्धनले आजसम्म सरकारलाई पूर्णता दिन सकेको छैन । पहिला भागबन्डा मिलेको थिएन, त्यसपछि माधवकुमार नेपाललाई दल बनाउन सघाउन आएको अध्यादेश र निर्वाचन आयोगको प्रक्रियाले ढिलो गर्‍यो र त्यो समाधान भएपछि मन्त्रालय सबैलाई महत्त्वपूर्ण नै चाहिने भएर समस्या भएको होला । यसबाट स्पष्ट के देखिन्छ भने लोकतन्त्र जोगाउन गठबन्धन बनेको भनिए पनि वास्तविकता त 'खान पाउँ' तन्त्र नै रहेछ । मन्त्री दिन नसके आफ्नो दल फुट्ने तर्क गर्ने नेताहरू कस्तो निरीह, कस्तो लाछी ? लाज मर्नु ।

अब तेस्रो अङ्ग न्यायपालिका हो । दुईपटक प्रतिनिधिसभा पुनर्स्थापना गरेको सर्वोच्च अदालत अहिले संवैधानिक परिषद्सँग सम्बन्धित रिटमा विवादमा परेको छ । पहिलो त यसको सुनवाइ नै भएन पछि धेरै हल्लाखल्ला र निवेदनमार्फत दबाब दिइएपछि प्रधानन्यायाधीश नै पक्ष भएको मुद्दामा सहभागी हुन नमिल्ने तर्क खडा भयो र यसको निरूपण गर्न प्रधानन्यायाधीश बिदामा बस्ने हुनुभयो । तर फेरि यसमा प्रधानन्यायाधीशविनाको संवैधानिक इजलास बस्न सक्ने नसक्ने सम्बन्धमा सर्वोच्चकै एकल इजलासबाट यसको टुङ्गो संवैधानिक इजलासबाट नै लगाउनुपर्ने निर्णयका कारण सुनुवाइ पुनः विवादित बन्न पुगेको छ । त्यस्तै, रञ्जन कोइरालाको मुद्दा समेतले सर्वोच्चलाई विवादित बनाएको छ ।

राज्यका तीनवटै प्रमुख अङ्गको स्थिति चिन्ताजनक बन्न पुगेको छ । संसद् प्रतिपक्षको बन्दी बन्न पुगेको छ भने कार्यपालिकाले काम गर्न सकेको छैन । प्रधानमन्त्री एक्लैले १७ वटा मन्त्रालयको कार्यभार बोक्नुभएको छ भने संसद्को गतिरोधले देशमा 'बजेट बिदा' हुन पुगेको छ । संविधानको एकमात्र वैधानिक व्याख्या गर्ने सर्वोच्च पनि आफैं संवैधानिक विवादमा मुछिएको छ । यस्तो अस्तव्यस्त अवस्थामा नयाँ संविधानले छ वर्ष पूरा गरेको छ । विश्वको उत्कृष्टमध्येको एक र दक्षिण एशियाकै सर्वोत्कृष्ट भनिएको यो संविधान छैटौं वर्षमा सम्मतिको विधान भने बन्न सकेको छैन । अधिकांशले संविधान दिवस मनाइरहँदा केहीले भने यसलाई कालो दिवसको रूपमा समेत मनाएको समाचार पाइएको छ । यो भने झन् विवादित बनेको छ । त्यस्तै, संविधान अन्तर्गत चुनाव लडेर जितेपछि मन्त्री बन्ने, सबै सुविधा उपभोग गर्ने अनि वर्षमा एक दिन विरोधको लागि विरोध जनाउन कालो दिवस मनाउनु कतिको औचित्यपूर्ण छ । यस्ता दलहरूले चुनाव लडेर कि त अन्य दललाई विश्वासमा लिएर संविधान संशोधन गराउन सक्नुपर्‍यो, कि त संसद्मा बहुमत ल्याएर गर्नुपर्‍यो । यी दुवै स्थिति बनाउन नसकेपछि संसद् र मन्त्री पद छाडेर जनताबीच गएर संशोधनको औचित्य पुष्टि गर्दै जनदबाब सिर्जना गर्न सक्नुपर्छ । तर वास्तवमा संविधानको विरोध गर्नेहरूले शहादतप्राप्त गरेका मधेसी शहीदहरूप्रति देखाएको व्यवहारले नै यो सबै सत्ताको खेल हो भन्ने कुरा पुष्टि गरिरहेकै छ ।

यस्तो विषम परिस्थितिमा वर्तमान प्रधानमन्त्रीसँग दुईवटा मात्र विकल्प देखिन्छ । पहिलो गठबन्धनलाई साथ लिएर अगाडि बढ्ने । तर यसमा एमसिसी ठूलो बाधकको रूपमा रहेको छ । किनभने नेपाल र प्रचण्डले यसमा संशोधनविना पास गर्न नसकिने भनिसकेका छन् । दोस्रो विकल्प संसद्मा एमालेको सहयोगमा पारित गराउन बाँकी रहन्छ, यसको लागि एमालेले प्रचण्ड जस्तै विभिन्न शर्तहरू तेर्साउन सक्छ । माथिका दुवै अवस्थामध्ये कुनै पनि विकल्प प्राप्त नभएको अवस्थामा प्रधानमन्त्री प्रतिनिधिसभा विघटन गरी चुनावमा जान सक्नुहुन्छ किनभने ७६(५) को सरकार पनि नचल्ने अवस्थामा प्रतिनिधिसभाको विघटन संवैधानिक हुन जान्छ । यसले देशलाई सात महीनापछि स्थानीय र डेढ वर्षपछि संसदीय चुनावमा लैजानेछ र त्यो निर्वाचनको पूर्वनिर्धारित समय नै भएकोले केही अन्यथा लिनुपर्ने अवस्था रहँदैन ।

# हर्षोल्लासका साथ मनाइँदै जितिया पर्वः आज पर्वको मुख्य दिन

जलेश्वर, १२ असोज/रासस

मैथिल र थारू समुदायका महिलाले तीन दिनसम्म मनाउने जितिया पर्वको आज मुख्य दिन हो ।

यो पर्व आश्विन कृष्णपक्षको सप्तमी, अष्टमी र नवमी तिथिमा तीन दिनसम्म हर्षोल्लासका साथ मनाइन्छ । मैथिल र थारू समुदायका महिलाले आज बिहान चार बजेदेखि उपवास बसी निराहार एवं निर्जला व्रत बसी बुधवार साँझ व्रत सम्पन्न गर्नेछन् । बर्तालुले आज बिहान चार बजे ओंगठन (दही चिउरा सक्खरसहितको प्रसाद खाएर) खाएर भोलि साँझ पाँच बजेसम्मका लागि उपवास शुरू गरेको जलेश्वरनाथ महादेव मन्दिरका पुजारी उपेन्द्र पाठकले बताए । उपवास बसेका दिन महिलाहरूले डकारे अथवा मुखले खकारे वा जिब्रो टोके भने व्रत असफल भएको मानिन्छ । एकपटक असफल भएकी व्रती आजीवन व्रत बस्न पाउँदिनन् ।

व्रत बस्नु अघिल्लो दिन अर्थात् सोमवार बर्तालुले विभिन्न जलाशयमा स्नान गरी भगवान् जिमुतवाहन र दिवङ्गत पितृलाई घिरौंलाको पातमा पिना, सक्खर र तोरीको तेलसहितका पदार्थ देवतालाई चढाएका थिए । देवतालाई चढाएकै तेल मध्येबाट आआफ्ना शाखा सन्तानलाई पनि लगाउन दिनुपर्छ । सम्पूर्ण मिथिला क्षेत्रकै पवित्र 'जितिया पर्व'को सो दिनलाई नहा खा (नुहाएर खानु) भनिन्छ ।

सो दिनको पूजापछि कोदोको रोटी, नुनीको साग र माछा खाने चलन छ, जसलाई स्थानीय भाषामा 'माछ मरुवा' भनिन्छ । त्यसैगरी, विधि अनुसार आज एकाबिहानै काग कराउनुभन्दा पहिल्यै व्रती महिलाहरू ओंगठन सम्पन्न गरेको अर्थात् केही खानेकुरा ओठमा लगाएका छन् । प्रायःजसो महिलाले ओंगठनमा दही च्युरा खाने गरेको पाइन्छ । त्यसपछि शुरू हुन्छ कठिन उपवासको क्रम ।

आश्विन कृष्णपक्षको अष्टमीको दिन मनाइने यो व्रत विशेष कठिन रहेको पुजारी पाठकले बताए । सन्तानको दीर्घ जीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक, सांस्कृतिक तथा तान्त्रिक महत्त्वसमेत छ । उनले भने, "यस पर्वले मिथिला महिलाको सांस्कृतिक भूमिका र महत्त्व पनि उजागर गर्छ ।" पितृ पक्षमा मनाइने पर्वमा महिलाले आफैंले दिवङ्गत पितृलाई पिण्ड चढाउँछन् ।

मिथिलाञ्चलमा मनाइने व्रतमध्ये जितिया व्रतलाई पवित्र व्रतको रूपमा मानिन्छ । कडा व्रत भएकोले होला यस पर्वलाई खड् जितिया पनि भनिन्छ ।

उपवास क्रममा आज दिनभरि, रातभरि र भोलि दिनभरि व्रती महिलाले अन्न, जल केही पनि ग्रहण नगरी उपवास बस्ने र भगवान् 'जिमुतवाहन'को पूजाअर्चना र कथावाचन र श्रवण गर्ने काममा व्यस्त रहनेछन् । नवव्रती (पहिलोपटक व्रत बस्ने महिला)लाई भगवान् 'जिमुतवाहन'ले भोक, तिर्खा लगाउने र शरीरमा विभिन्न कठिनाइ उत्पन्न गराइ परीक्षा लिने गरेको जलेश्वर नपा–८ का व्रती ५५ वर्षीया राजवती देवीले बताइन् । तर दृढ सङ्कल्प, विश्वास र भगवान्प्रतिको ध्यानमा लागि रहनेलाई केही पनि नहुने र सफलतापूर्वक व्रत समापन हुने विश्वाससमेत उनले व्यक्त गरिन् ।



जितिया पर्वको पहिलो दिन 'नहा, खा' (नुहाएर खानु) विधि अनुसार घिरौलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई प्रसाद (पिना, सख्खर र तोरीको तेल) चढाइ पूजा गर्दै बर्तालु महिला । तस्वीरः रासस/फाइल

राजा शालिवहानको राज्यमा एउटी महिलाका सात छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिनदेखि शालिवहानलाई 'जिमुतवाहन' नामकरण गरी राजाको सम्झनामा उपवास बस्न थालेकाले यो व्रत शुरू भएको पौराणिक कथन छ । मिथिला क्षेत्रमा पुत्र हुने प्रत्येक महिलाले जीवनमा यो पर्व अपनाउनै पर्ने चलन रहेको बताइएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# नेपाल रेडक्रसद्वारा एक लाख मात्रा भेरोसिल खोप प्रदान

काठमाडौं, १२ असोज/रासस

कोभिड–१९ विरुद्ध खोप उत्पादक देश अमेरिका, चीन र बेलायतले मानवीय सहयोग अन्तर्गत नेपाल रेडक्रस सोसाइटीलाई निश्शुल्क खोप प्रदान गर्न शुरू गरेका छन् । यस क्रममा सोसाइटीलाई चिनियाँ रेडक्रस सोसाइटीले एक लाख मात्रा भेरोसिल खोप प्रदान गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठलाई सोसाइटीका पदाधिकारीले मन्त्रालयमा आयोजित कार्यक्रममा सो खोप हस्तान्तरण गरे । सो अवसरमा सोसाइटीका महामन्त्री पीताम्बर अर्याल र कार्यकारी निर्देशक उमेश ढकालले सोसाइटीका मानवीय सेवाको गतिविधिबारे राज्यमन्त्री श्रेष्ठलाई सङ्क्षिप्त जानकारी दिएका थिए । राज्यमन्त्री श्रेष्ठले महामारी नियन्त्रणमा नेपाल रेडक्रसले पुऱ्याएको निरन्तर सहयोगप्रति धन्यवाद दिंदै आगामी चैतसम्म सबै नागरिकलाई खोप लगाउने सरकारको लक्ष्य पूरा गर्न सहयोग गर्न आग्रह गरे ।




नेपालका मानवीय सेवामा निरन्तर सहयोग गरिराखेका साझेदार रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) मार्फत सोसाइटीले पछिल्लो समय खोपका लागि 'लबिङ' (पैरबी) तीव्र बनाएको थियो । अहिले पनि आइएफआरसीले 'कोभ्याक्स' अन्तर्गत विकासोन्मुख तथा गरीब देशलाई खोप सहयोग गर्न खोप उत्पादक तथा धनी देशलाई निरन्तर पैरबी गर्दै आएको छ। अमेरिकाले हालै कोभ्याक्स अन्तर्गत जनसन खोप नेपाललाई प्रदान गरेको थियो भने जापानले १६ लाख मात्रा एस्ट्राजेनेका प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

महामन्त्री अर्यालले खोप उत्पादक देशले मानवीय सहयोग अन्तर्गत सोसाइटीलाई खोप प्रदान गर्न शुरू गरेको र यस क्रममा चिनियाँ रेडक्रसले एक लाख मात्रा भेरोसिल प्रदान गरेको जानकारी दिए । उनले भने–"खोप उत्पादक देशका देशीय रेडक्रसमार्फत हाम्रो पैरबी निरन्तर जारी छ । ती देशका सोसाइटीबाट थप सकारात्मक सन्देश आएको छ ।"

मन्त्रालयका अनुसार अहिलेसम्म ३० प्रतिशतलाई पहिलो मात्रा र २८ प्रतिशतलाई पूर्ण मात्राको कोरोना खोप लगाइसकिएको छ। हालसम्म ६६ लाख नौ हजार २३३ ले पहिलो र ६० लाख ३६ हजार ४०१ जनाले पूर्ण मात्रा गरी कुल एक करोड २६ लाख ४५ हजार ६३४ जनाले खोप लगाइसकेका छन् भने रूकुम पूर्व, मनाङ र मुस्ताङका सबै लक्षित समुदायले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

यसैगरी खोप अभियान अन्तर्गत सबैले खोप लगाउन थालेपछि सङ्क्रमण पनि घट्दै गइरहेको मन्त्रालयले जनाएको छ। नेपालमा पहिलोपटक २०७६ साल माघ ९ गते सङ्क्रमण देखिएको थियो । सरकारले गत माघ १४ गतेदेखि खोप लगाउन शुरू गरेयता सात महीनामा एक करोड ९२ हजार १६४ सर्वसाधारणले खोप लगाएका थिए ।

सरकारले अगामी चैतसम्म सबै नागरिकलाई खोप लगाउने जनाएको छ। यसका लागि दुई मात्रा खोप लगाउँदा पाँच करोड ३५ लाख मात्रा खोप आवश्यक पर्छ ।

यसैगरी विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वका सबैभन्दा गरीब ५० देशले दुई प्रतिशत मात्र खोप पाएका छन्। यी देशमा विश्वका १७ प्रतिशत जनसङ्ख्याको बसोवास छ । रोग प्रतिरोधात्मक क्षमताका लागि देशभित्र र अन्तर्राष्ट्रियस्तरमा ६० देखि ७० प्रतिशत मानिसलाई खोप लगाइनुपर्छ ।

महामन्त्री अर्यालका अनुसार चिनियाँ रेडक्रसमार्फत प्राप्त भएको खोप स्वास्थ्य मन्त्रालयको समन्वयमा स्वयंसेवक तथा अग्रपङ्क्तिमा खटिनेलाई लगाइने छ । हाल सोसाइटीमा १३ लाख स्वयंसेवक छन् । कोरोनाविरुद्ध सचेतना कार्यक्रम, आइसोलेशन सेन्टर, हेल्थ डेक्स तथा खोप केन्द्रहरूमा उनीहरू परिचालित छन् । नेपाल रेडक्रस, आइएफआरसीको मुख्यालय जेनेभा तथा र विभिन्न देशमा रेडक्रसको देशीय निर्देशक भई मानवीय सेवामा लामो अनुभव बटुलेका उनले भने–"महामारी रोमथामको एक मात्र उपाय खोप नै हो। खोप उत्पादन गर्ने देशबाट धेरैभन्दा धेरै मात्रा खोप ल्याई सङ्कटापन्न समुदायको पहुँचमा खोप पुऱ्याउन मैले प्राथमिकता दिएको छु।"

सोसाइटीले महामारीको शुरू चरणदेखि यसको रोकथाममा उच्च प्राथमिकता दिई समुदायमा काम गरिरहेको छ। उसले आफ्ना अधिकांश कार्यक्रम महामारी नियन्त्रणमा लगाएको छ। मास्क, स्यानिटाइजर, पिपिई, शव व्यवस्थापन झोला, अग्रपङ्क्तिमा खट्ने स्वास्थ्यकर्मीलाई तालिम तथा कोभिड उपचारका लागि अस्पतालमा आवश्यक पर्ने सामग्री सरकारलाई सहयोग गर्दै आएको छ ।

साथै कोभिडबाट जोगिने उपायबारे जनचेतना, क्वारेन्टिन तथा होल्डिङ सेन्टर, मनोसामाजिक परामर्श, अनाथ बालबालिका तथा ज्येष्ठ नागरिकलाई आर्थिक सहयोग तथा आवश्यक ब्ल्यान्केट, तारपोलियनसमेत उपलब्ध गराएको थियो ।

महामन्त्री अर्यालले भने–"नयाँनयाँ भेरिएन्टसहितको कोरोनाको सम्भावित जोखिम कम गर्न तयारी शुरू गरेका छौं। यसका लागि आवश्यक भेन्टिलेटर र अक्सिजनको जोहोमा लागेका छौं ।"

सोसाइटीले आफ्ना 'ग' वर्गका एम्बुलेन्सको स्तरोन्नति गर्दै 'ख' वर्गमा ल्याउने काम जारी रहेको जनाएको छ । हाल संस्थाका २४२ एम्बुलेन्स छन् । कोरोना नियन्त्रणका लागि जोखिम सञ्चार र समुदायको संलग्नता, वडा तहमा युवा परिचालन, स्वास्थ्य र सरसफाइ, खानेपानी र शौचालयलाई व्यवस्थित गर्न सहयोग जारी राखेको सोसाइटीले जनाएको छ । कोरोना सङ्क्रमितको उपचारमा आवश्यक हुने अक्सिजन सिलिन्डर, अक्सिजन कन्सन्ट्रेटर, भेन्टिलेटर, अक्सिजन उत्पादन प्लान्ट, पल्स अक्सिमिटर, थर्मल गन, पिपिईलगायत सामग्री स्वास्थ्य मन्त्रालयको समन्वयमा वितरण जारी राखेको छ।

कार्यकारी निर्देशक ढकालका अनुसार आइएफआरसीमार्फत ३०० अक्सिजन कन्सन्ट्रेटर तथा विभिन्न रेडक्रसमार्फत ५०० थान १० लिटर क्षमताका र १०० थान ४० लिटरभन्दा माथिका क्षमताका अक्सिजन सिलिन्डर सोसाइटीले प्राप्त गरेको थियो । सोसाइटीले दुई हजार ५०० अक्सिमिटर, एक हजार ५०० थर्मामिटर, आठ लाख ४९ हजार ४८४ पिपिई, मास्क, ग्लोब्स सरकारलाई सहयोग गरिसकेको छ । साथै ७७२ शव व्यवस्थापन झोला अस्पताल तथा स्थानीय तहमा वितरण गरिसकेको छ । कोरोनाका कारण आर्थिक समस्यामा परेकाको जीवनस्तर माथि उकास्न ३४ जिल्लामा आयआर्जनका कार्यक्रम सोसाइटीले सञ्चालन गर्न लागेको जनाएको छ ।

# पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै विकृति अन्त्यको आधार –अर्थमन्त्री

काठमाडौं, १२ असोज/रासस

अर्थमन्त्री जनार्दन शर्माले निर्वाचन जित्नैपर्ने परिपाटी र राजनीतिमा देखिएको विकृति अन्त्यका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणाली अगाल्न जोड दिएका छन्। उनले भने–"नेपाली विशेषता भएको समाजवादमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अँगाल्नुपर्छ।"

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज आयोजित पार्टी निकट नेपाल दलित मुक्ति मोर्चा केन्द्रीय समितिको पूर्ण बैठकलाई सम्बोधन गर्दै उनले निर्वाचन जित्नैपर्ने अवस्था अन्त्य गर्न त्यस्तो प्रणाली नै उत्तम विकल्प भएको बताए।

नेकपा माओवादी केन्द्रका स्थायी समिति सदस्य एवं सङ्गठन विभाग प्रमुख समेत रहेका उनले भने–"पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा मात्र दलितलगायत सीमान्तकृत समुदायका जनताले नीति निर्माणको तहमा प्रतिनिधित्व गर्न सक्छ। ठूलो धनराशि खर्चेर चुनाव जित्ने अवस्था तिनीहरूको छैन।" नेपाली विशेषताको समाजवादी मोडलको चर्चा गर्दै उनले थपे–"समावेशी समानुपातिक सिद्धान्तको वास्तविक मर्म पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा मात्र सम्बोधन हुन सक्छ।"

सरकारले पहिलोपटक गरीब र विपन्नलाई आर्थिक राहत दिने कार्यक्रम ल्याएको चर्चा गर्दै अर्थमन्त्री शर्माले



दीर्घरोगीलाई मासिक उपचार खर्च दिने पनि व्यवस्था पहिलोपटक गरिएको जानकारी दिए।

उनले दलितको लागि पनि आवास योजना अघि सारिएको बताए । यस अघि सञ्चालित जनता आवास कार्यक्रमले दलित समुदायलाई राम्ररी सम्बोधन गर्न नसकेकोले दलित आवास कार्यक्रम ल्याइएको उनले स्पष्ट पारे।

गरीबी अन्त्य, आत्मनिर्भर अर्थतन्त्र निर्माण, व्यापार घाटा न्यूनीकरणलगायत दिशामा सरकारले प्रतिस्थापन बजेटमार्फत काम शुरू गरिसकेको उनले जानकारी दिए।

# अनुवांशिक गर्दा डेल्टा भाइरस

काठमाडौं, १२ असोज/रासस

कोरोना भाइरस सङ्क्रमणको अनुवांशिक (जीन सिक्वेन्सिङ) अध्ययन गर्दा नेपालमा डेल्टा भाइरस भेटिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र त्रिभुवन विश्वविद्यालय (त्रिवि) जैविक प्रविधि केन्द्रीय विभागमा गरिएको अनुवांशिक अध्ययनमा सबैमा डेल्टा भाइरस भेटिएको हो।


प्रयोगशालाका निर्देशक डा रुणा झाले ४२ नमूनाको अनुवांशिक अध्ययन गरिएकोमा ४१ वटामा डेल्टा भाइरस र एक वटामा 'क' जीन नेगेटिभ भएको अल्फा भेरियन्ट देखिएको बताइन् । प्रयोगशालामा २६ र केन्द्रीय विभागमा १६ अनुवांशिक अध्ययन गरिएको थियो। एकचालीस वटा नमूना भदौ र असोज तथा एउटा वैशाखमा सङ्कलन गरिएको थियो।

राष्ट्रिय प्रयोगशालालाई विश्व स्वास्थ्य सङ्गठनले र केन्द्रीय विभागलाई वाशिङ्टन विश्वविद्यालयले प्राविधिक सहयोग गरेको थियो । निर्देशक डा झाले अब नेपालमैं सङ्क्रमणको अनुवांशिक अध्ययन गर्न सकिने बताइन्।

# वाग्मती प्रदेश, साक्षर प्रदेश

वाग्मती, १२ असोज/रासस

वाग्मती प्रदेशलाई देशकै पहिलो साक्षर प्रदेश घोषणा गरिएको छ । सोमवार एक कार्यक्रमबीच प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्दै साक्षरता स्तम्भको अनावरण गरिन्।




साक्षरता कार्यक्रम अनुसार विभिन्न मापदण्डका आधारमा साक्षरताको मूल्याङ्कन गर्दा कम्तीमा ५० प्रतिशत सक्षमता हासिल गर्न सक्ने व्यक्तिलाई साक्षरताको प्रमाणपत्र दिने व्यवस्था छ र त्यस्ता प्रमाणपत्र प्राप्त व्यक्तिहरूको सङ्ख्या ९५ प्रतिशत पुगेका वडा, स्थानीय तह, जिल्ला र प्रदेशलाई साक्षर घोषणा गर्ने व्यवस्था रहेको छ। मापदण्ड अनुसार वाग्मती प्रदेशमा साक्षरहरूको सङ्ख्या ९७.२२ पुगेपछि साक्षर प्रदेश घोषणा गरिएको हो ।

मापदण्ड अनुसार राष्ट्रभाषा वा मातृभाषाका अक्षरको पढाइ र लेखाइ जानेको, नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बिलको पढाइ गर्न जानेको, आफ्ना परिवारका नाम, उमेर आदिको पढाइ र लेखाइ गर्न जानेको, मोबाइल र क्याल्कुलेटरका अक्षर तथा अङ्क चिनेर प्रयोग गर्न जानेको, ० देखि ९ सम्मको अङ्क वा अक्षर लेख्न र पढ्न जानेको, १ देखि १०० सम्म गणना गर्न जानेको, लेनदेनका हरहिसाब राख्न जानेको, सरल चित्र, पोस्टर, साइनबोर्ड तथा ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने, सामुदायिक कार्यक्रममा आफ्नो विचारसहित सक्रिय सहभागिता देखाउने, घडी हेरेर समय बताउन सक्ने, भित्ते पात्रो हेरेर तिथिमिति बुझ्न र बताउन सक्ने र बैंक भौचर तथा चेक भर्ने काम गर्न सक्नेलाई साक्षर मानिन्छ ।

वाग्मती प्रदेशको शिक्षा विकास निर्देशनालयका अनुसार प्रदेशका १३ जिल्लामा रहेको कुल जनसङ्ख्या ५५ लाख २९ हजार ४५२ मध्ये १५ वर्षदेखि ६० वर्षसम्मका उमेर समूहका ३३ लाख ४३ हजार १४४ जना छन् । यसमध्ये ९७.२२ प्रतिशत साक्षर छन् ।

निर्देशनालयले उपलब्ध गराएको विवरण अनुसार ललितपुर शतप्रतिशत साक्षरता दरसहित पूर्ण साक्षर जिल्ला भएको छ भने दोलखाको प्रतिशत सबैभन्दा कम रहेको छ । विवरण अनुसार सिन्धुलीको साक्षरता दर ९९.१३ प्रतिशत रहेको छ । त्यस्तै, ९८.९७ प्रतिशतसहित मकवानपुर तेस्रो स्थानमा छ । निर्देशनालयले उपलब्ध गराएको विवरण अनुसार धादिङको ९८.४० प्रतिशत, नुवाकोटको ९८.१९ प्रतिशत, सिन्धुपाल्चोकको ९७.६८ प्रतिशत, चितवनको ९७.५०, काठमाडौंको ९६.८८ प्रतिशत, भक्तपुरको ९६.७० प्रतिशत, काभ्रेको ९६.४८ प्रतिशत, रामेछापको ९६.४० प्रतिशत, रसुवाको ९६.२९ प्रतिशत र दोलखाको ९५.३७ प्रतिशत रहेको छ।

'साक्षर वाग्मती प्रदेश' घोषणासभालाई सम्बोधन गर्दै मुख्यमन्त्री शाक्यले शिक्षाका लागि विभिन्न कालखण्डमा भएका कार्यक्रमको परिणामस्वरूप प्रदेशका १५ देखि ६० वर्ष उमेर समूहका ९७.२२ प्रतिशत नागरिक साक्षर भएको बताइन् ।

शाक्यले देशमा भएका सात प्रदेशमध्ये वाग्मती प्रदेश पहिलो साक्षर प्रदेश भएकामा खुशी व्यक्त गर्दै यस कार्यमा खट्ने सम्पूर्णलाई धन्यवाद व्यक्त गरिन् । उनले विभिन्न मापदण्डहरूका आधारमा साक्षर घोषणा भएपनि प्रदेशमा ४५ हजार ३४५ जना अझै निरक्षर रहेको विवरण पाएकाले त्यो सङ्ख्यालाई न्यून बनाउँदै शून्यमा झार्नुपर्ने र त्यसका लागि सरकार तथा सरकारी संयन्त्रले भूमिका खेल्नुपर्ने धारणा राखिन् ।

कार्यक्रममा प्रदेशका सामाजिक विकासमन्त्री विजय सुवेदीले साक्षर प्रदेश घोषणापश्चात् १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूका लागि स्थानीय तहहरूसँग समन्वय गरेर पूर्ण साक्षरता अभियान सञ्चालन गर्ने बताए । घोषणासभामा प्रदेशको शिक्षा विकास निर्देशक चन्द्रप्रसाद लुइँटेलले साक्षर प्रदेश घोषणापूर्व भएका तयारीका बारेमा अवगत गराए ।



रक्सौलका युवक माछा बिक्री गर्न टोकरीमा लिएर वीरगंजमा भित्रिदै। वीरगंज प्रवेश गर्न नाकामा खटिएका प्रहरीलाई उनले ५० रुपैयाँ तिर्नुपर्छ।

तस्वीरः तिवारी यादव

# तुलसी प्रकृति अनुकूल औषधि

यद्यपि यी ग्रन्थहरूमा तुलसीलाई तीक्ष्ण पनि लेखिएको छ, तर त्यो तीक्ष्णता केवल विशेष प्रकारको र साना कृमिहरू भगाउनसम्म सीमित हुन्छ। जसरी वर्तमान समयको कीटाणुनाशक र दुर्गन्धनाशक औषधिहरू पनि केही बढी भयो भने हानि पुग्न सक्छ, तुलसीमा भने त्यस्तो दोष छैन। यो घरेलु वनस्पति हो जसको प्रयोगमा कुनै किसिमको खतरा छैन। यस दृष्टिले यो अन्यान्य डाक्टरी औषधिहरूभन्दा पनि श्रेष्ठ सिद्ध हुन्छ। तुलसीलाई प्रातः भगवान्को प्रसाद चरणामृत, पञ्चामृत आदिमा मिलाएर सेवन गरिन्छ, त्यसैले यो एक प्रकारले भोजनकै अङ्ग हो, जबकि अन्य औषधिहरूलाई थरीथरीका रासायनिक प्रक्रिया गरेर प्रयोग गरिन्छ, जसले गर्दा तिनका स्वाभाविक गुणमा धेरै अन्तर पर्छ। तुलसी प्रायः ताजा र प्राकृतिक रूपमा पाइन्छ। त्यसबाट शरीरमा कुनै प्रकारको दूषित विजातीय तत्त्व उत्पन्न हुने सम्भावना रहँदैन। यदि यसका साथ दुई–चार अन्य पदार्थ मिसाइन्छ भने त्यो सुठो, मरिच, ज्वानो, बेलगिरी, नीमको पालुवा, पीपल इलाइची, ल्वाङजस्ता चीज हुन्छन्, जुन प्रायः घरमैं हुन्छ र नित्य प्रयोगमा आउँछ।

त्यसैले औषधिको रूपमा सेवन गर्दा पनि तुलसीको कुनै विपरीत प्रतिक्रिया हुँदैन, न त्यसका कारण शरीरमा कुनै दूषित तत्त्व जम्मा हुन्छ। तुलसीले स्वाभाविकरूपले शारीरिक यन्त्रहरूको क्रियामा सुधार ल्याएर रोग हटाउन मदत गर्छ। डाक्टरहरूको तीव्र इन्जेक्शन जसमा विभिन्न प्रकारका विष पनि हुन्छ वा वैद्यहरूको भस्मजस्तो यसबाट कुनै प्रकारको कुपरिणाम वा प्रतिक्रियाको आशङ्का हुँदैन। यो अत्यन्त सौम्य वनस्पति हो, जसको दस–पाँच पात जब मन लाग्छ मानिसले चबाइदिन्छन्, तर त्यसबाट कसैलाई कुनै हानि भएको कहिल्यै देखिएको छैन।

**तुलसीको रोगनाशक शक्ति**

**व्यावहारिक प्रयोग–** जरा, पात, बीउ वा पञ्चाङ्ग प्रयुक्त गरिन्छ।

१. खोकी अथवा घाँटी बसेकोमा तुलसीको जरा सुपारीजस्तै चुस्न सकिन्छ। कालो तुलसीको स्वरस (निख्खर तुलसीको रस) डेढ चम्मच मरिचका साथ प्रयोग गर्दा खोकीको वेग शान्त हुन्छ। फोक्सोबाट घर्घरजस्तो आवाज आयो वा खोकी लाग्यो भने तुलसीको सुकेको पात ४ ग्राम मिश्रीका साथ दिंदा लाभ हुन्छ। बाढुली र श्वास रोगमा तुलसीपत्र स्वरस १० ग्राम महका साथ उपयोगी हुन्छ।

श्वास रोगमा तुलसीको पात कालो नूनका साथ सुपारीजस्तै मुखमा राख्नाले आराम हुन्छ। रूघा लागेमा तुलसीको पञ्चाङ्ग र अदुवा समान मात्रामा लिएर क्वाथ बनाई दिनमा तीनपटक लिनुपर्छ।

**जीवेम शरदः शतम्**

२. ज्वरो यदि विषम खालको छ भने तुलसीको पातको क्वाथ ३–३ घण्टाको अन्तरमा लिनुपर्छ। हलुको ज्वरो र कब्जियत पनि छ भने कालो तुलसीको स्वरस (१० ग्राम) र गाईको घ्यू (१० ग्राम) दुवैलाई मनतातो पारेर यस मात्रालाई तीन–चारपटक लिंदा कब्ज र रोग दुवै हट्छ। तुलसीको जराको काँडा पनि आधा औंसको मात्रामा दुईपटक लिंदा ज्वरोमा लाभ हुन्छ। सबै प्रकारको रोगका लागि एउटा सामान्य नियम के हो भने तुलसीको बीसवटा पात र दसवटा मरिच मिलाएर क्वाथ खान दिंदा ज्वरो तुरून्त बिसेक हुन्छ। टाइफाइडमा तुलसीको दसवटा पात एक ग्राम जावित्रीका साथ पानीमा घोटेर दिनमा चारपटक महसँग दिनुपर्छ।

३. बान्ता आएको बेला तुलसी पातको स्वरस महसँग बिहान वा जब आवश्यक हुन्छ दिनुपर्छ। पाचनशक्ति बढाउन, अपच रोगका लागि तथा बालकहरूको मुटु र तिल्लीसम्बन्धी रोगका लागि तुलसीको पातको फान्ट दिनुपर्छ। सुकमेल, अदुवाको रस र तुलसीको पातको स्वरस मिलाएर दिने हो भने बान्ता बन्द हुन्छ। पखाला लागेमा तुलसीको पात भुटेको जीरासँग मिसाएर (तुलसीको १० वटा पात र एक ग्राम जीरा) महका साथ दिनभरिमा तीनपटक चाट्दा लाभ हुन्छ। अपच भएमा मञ्जरीलाई कालो नूनका साथ कुटेर मिसाई स्थानीय लेपको रूपमा प्रयोग गर्दा लाभ हुन्छ। केटाकेटीहरूलाई सङ्क्रामक आउँ परेको छ भने तुलसीको बीउ पिंधेर गाईको दूधका साथ पिउँदा लाभ हुन्छ। कीटजन्य रोगहरूमा तुलसीको पातको फान्ट सेवन गर्नाले कृमिजन्य सबै उपद्रव शान्त हुन्छ। पेट दुखाइमा तुलसीको पात मिश्रीसँग दिइन्छ भने संग्रहणी रोग (खाएको नपचेर दिसाबाट निस्कने) मा बीउको चूर्ण ३ ग्राम साँझ–बिहान मिश्रीको साथ दिइन्छ र बवासिरमा यही चूर्णलाई दहीसँग खानुपर्छ।

**तुलसीपत्रलाई पिंधेर मुखमा दल्नाले अनुहारको आभा बढ्छ। मुखको रोग तथा छाला परेमा तुलसीको क्वाथले कुल्ला गर्नुपर्छ तथा दाँत दुखेमा तुलसीको जराको क्वाथ बनाएर त्यसले कुल्ला गर्नुपर्छ। तुलसी सम्पूर्ण शरीरको शोधन गर्ने जीवनशक्ति संवर्धक औषधि हो।**



४. कुष्ठ रोगमा तुलसीको पात स्वरस प्रतिदिन प्रातः सेवन गर्दा लाभ हुन्छ। दाद, अपरसमा तुलसी पञ्चाङ्ग कागतीको रसमा मिसाएर लेप गरिन्छ। निस्किरहेको भित्री घाउमा तुलसीको बीउ एक ग्राम तथा दुईवटा गुलाबको फूल पिंधेर पिउनुपर्छ। घमौरा निस्केको बेला मञ्जरी वा पुनर्नवाको पात समान भागको क्वाथ बनाएर पिउनुपर्छ। डन्डिफोर भएमा तुलसीपत्र र सन्तोलाको रस मिलाएर रात्रिको बेला मुख धोएर राम्ररी लेप लगाउनुपर्छ। घाउ भर्न र सङ्क्रमणग्रस्त घाउ धुन तुलसीको रसको क्वाथ बनाएर ठण्डा भएपछि लेपन गर्नुपर्छ। रक्त विकार भएमा तुलसी र गुर्जोको तीन–तीन ग्राम मात्रामा क्वाथ बनाएर दुईपटक मिश्रीका साथ लिनुपर्छ।

५. माइग्रेनको दुखाइमा तुलसीको छायामा सुकाएको मञ्जरी (२ ग्राम) महका साथ दिनुपर्छ। दिमाग बढाउन पाँचवटा तुलसीपत्र प्रतिदिन बिहान पानीका साथ सेवन गर्नुपर्छ। असाध्य टाउको दुखेको अवस्थामा तुलसीपत्र रस कपूर मिसाएर निधारमा दल्नाले तुरून्त आराम मिल्छ।

६. मूत्रकृच्छ (डिसयुरिया–पिसाब पोल्ने) मा तुलसीको बीउ ६ ग्राम राति १५० ग्राम पानीमा भिजाएर प्रातःकाल प्रयोग गर्नुपर्छ। तुलसी स्वरस बिहान–बेलुकी मिश्रीसँग लिंदा जलनमा आराम मिल्छ।

धातु द्रौबल्यमा तुलसीको बीउ एक ग्राम, गाईको दूधका साथ प्रातः एवं रात्रि लिनुपर्छ। तुलसीको बीउ चूर्ण अथा मूल समभागमा पुरानो गुड (मिठा) सँग मिलाएर नित्य डेढदेखि तीन ग्राम गाईको दूधसँग मिलाएर प्रयोग गर्दा नपुंसकतामा लाभ प्राप्त हुन्छ। प्रदर रोगमा अशोकको पातको स्वरस तथा मासिक धर्मको पीडामा क्वाथ नियमित दिंदा लाभ हुन्छ।

७. विविध– विभिन्न प्रकारको अर्बुद (क्यान्सर) मा तुलसीको प्रयोग हुने गर्दछ। २५ वा बढी ताजा तुलसीको पात पिंधेर नित्य पिउँदा यसको वृद्धि रोकिन्छ भन्ने भनाइ छ। यस कथनको सत्यताको परीक्षा हेतु शोध अनिवार्य छ।

तुलसीको प्रत्येक भाग सर्पविषमा उपयोगी पाइएको छ। सर्पदंशबाट पीडित व्यक्तिलाई यदि समयमा तुलसीको सेवन गराइन्छ भने उसको ज्यान जोगिन सक्छ। जुन ठाउँमा सर्पले टोकेको छ, त्यहाँ तुलसीको जरा मख्खन वा घ्यूमा घोटेर लेप गर्नुपर्छ। जसैजसै विष तानिन्छ, लेपको रङ सेतोबाट कालो हुँदै जान्छ। कालो लेप हटाएर पुनः ताजा लेप लगाइदिनुपर्छ।

बिच्छीदंशमा तुलसीको स्वरस टाउकोदेखि खुट्टासम्म मल्दा तथा तुलसीपत्रलाई चारगुना पानीमा घोटेर पाँच–पाँच मिनटमा पिउन दिंदा पीडाको शीघ्र शमन हुन्छ।

तुलसीपत्रलाई पिंधेर मुखमा दल्नाले अनुहारको आभा बढ्छ। मुखको रोग तथा छाला परेमा तुलसीको क्वाथले कुल्ला गर्नुपर्छ तथा दाँत दुखेमा तुलसीको जराको क्वाथ बनाएर त्यसले कुल्ला गर्नुपर्छ। तुलसी एक प्रकारले सम्पूर्ण शरीरको शोधन गर्ने जीवनशक्ति संवर्धक औषधि हो। वातावरणको पनि शोधन गर्छ तथा पर्यावरण सन्तुलित बनाउँछ। औषधिको विषयमा जति लेखे पनि कम हुन्छ।

# यस वर्ष मौसम ढिलो बाहिरिने

काठमाडौं, १२ असोज/रासस

यस वर्ष मनसुन औसत समयभन्दा केही दिन ढिला गरी बाहिरिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

मनसुन बाहिरिनका लागि पश्चिमबाट पूर्वतिर हावा बहनाका साथै बङ्गालको खाडीबाट जलवाष्पयुक्त हावा आउने क्रम रोकिनुपर्ने भएकाले अहिलेसम्म त्यो अवस्था नरहेकाले मनसुन औसत समयभन्दा केही ढिलो बाहिरिने सम्भावना रहेको मौसमविद् राजु प्रधानाङ्गले बताए।



सप्तरीको राजविराजस्थित भगवती पोखरी। धार्मिक महत्वको यो पोखरीको सरसफाइ तथा संरक्षणमा ध्यान नदिंदा प्रदूषित बन्दै गएको छ। तस्वीरः अरुणकुमार यादव/रासस

उनका अनुसार अब भारी वर्षाको सम्भावना भने रहेको छैन।

यस वर्ष मनसुन गएको जेठ २८ गते नेपाल भित्रिएको थियो। यस वर्षदेखि मनसुनको अवधि परिमार्जन भएको छ। यसअघि सामान्यतया नेपालमा जून १० मा मनसुन भित्रिने र सेप्टेम्बर २३ मा बाहिरिने गरेको थियो।

यस वर्षदेखि जून १३ मा मनसुन भित्रिने र अक्टोबर २ मा मनसुन बाहिरिने बताइएको छ।

'गुलाब' नामक शक्तिशाली चक्रवात हिजोदेखि भारतको उडिसाको जमीनमा अवतरण भइसकेकोले यसको अप्रत्यक्ष परिधीय असरका कारण नेपालमा आंशिकदेखि सामान्य बदली हुने सम्भावना रहेको औंल्याइएको छ।

आज देशभर आंशिकदेखि सामान्य बदली रही कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भएको छ। राति देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

## फरक समाचार

# गीत–सङ्गीत सुन्दा यस्तो अनुभव हुन्छ भने..

कुनै गीत वा सङ्गीत सुन्दा तपाईंको मुटुको ढुकढुकी तेज हुन्छ ? रौ सिरिङ हुने र आँखा च्यातिने हुन्छ भने तपाई बेग्लै किसिमको मानिस हुनुहुन्छ। हार्वर्ड युनिभर्सिटीमा हालै गरिएको रिसर्च अनुसार गीत सुनेर अलग्गै अनुभूति हुनेहरूको



दिमाग साधारण व्यक्तिको तुलनामा शक्तिशाली हुन्छ। रिसर्चर मैथ्यु सचले भने– "यस्ता व्यक्तिको शरीरमा फाइबरको मात्रा बढी हुन्छ, जुन साउन्डलाई दिमागसम्म पु-याएर भावनाको अनुभूति गराउँछ। यसै कारण गीत सुनेर यस्ता व्यक्तिको मस्तिष्कले बेग्लै रिएक्ट गर्छ, यस्ता व्यक्ति अत्यन्त कम हुन्छन्, जो सङ्गीतको माध्यमले आफ्नो शरीरलाई पुनर्ताजगी गर्नुका साथसाथै कैयौं मानसिक रोगबाट पनि जोगिन्छन्।"

रिसर्चले दाबी गरेको छ– डिप्रेसन र कैयौं प्रकारका मानसिक रोगबाट ग्रस्त व्यक्तिको उपचार सङ्गीतबाट गर्न सकिन्छ। भनिन्छ, केही विशेष प्रकारको धुन र सङ्गीतको पहिचान गरेर मानसिक रोगबाट जोगाउन सकिन्छ। प्राचीनकालमा लेखिएको चिनियाँ ग्रन्थमा पनि सङ्गीतलाई औषधिको दर्जा दिइएको छ। चिनियाँ लेखनमा औषधि शब्दको उत्पत्ति सङ्गीत शब्दबाट भएको हो। धेरैजसो स्थानमा यसलाई मोजार्ट इफेक्ट पनि भनिन्छ। अर्थात् सङ्गीत सुनेपछि केही समयको लागि मस्तिष्कमा अनुकूल प्रभाव पर्छ। सङ्गीत सुन्नेभन्दा बढी कुनै म्युजिकल इन्स्ट्रुमेन्ट बजाउने व्यक्तिमाथि यसको प्रभाव बढी पर्ने रिसर्चले जनाएको छ।

# धर्तीलाई कृत्रिम तरिकाले चिसो राख्नु विनाशकारी

ग्लोबल वार्मिङको प्रभावको मुकाबला गर्ने प्रस्तावमा ज्वालामुखी विस्फोटको नक्कल गर्दा संसारको विभिन्न भागमा प्राकृतिक आपदा निम्तिन सक्छ। जलवायु परिवर्तनसँग लड्न जियोइन्जिनीयरिङ एउटा तरीकाको रूपमा प्रस्तुत गरिएको छ। जियोइन्जिनियरिङको माध्यमले ग्लोबल वार्मिङलाई आफ्नो तरीकाले हेरफेर गरी वातावरणमा कृत्रिम रूपमा एयरोसोल प्रवेश गराइन्छ। नेचर कम्युनिकेशन्स पत्रिकामा प्रकाशित शोध अनुसार जियोइन्जिनीयरिङको उपायले विनाशकारी प्रभाव हुन सक्छ। यस प्रकारको उपायबाट तुफान वा लामो समयसम्म सो क्षेत्रमा सुक्खाको स्थिति पैदा हुन सक्छ।



शोधमा भनिएको छ– एक गोलार्द्धमा जियोइन्जिनीयरिङलाई लक्षित गर्नाले दोस्रो गोलार्द्धमा गम्भीर हानिकारक प्रभाव पर्न सक्छ।

ब्रिटेनको एक्सलेटर विश्वविद्यालयमा शोधका प्रमुख एन्थोनी जोन्सले भने– "हाम्रो नतीजाले यस कुराको पुष्टि गर्दछ कि क्षेत्रीय सौर्य जियोइन्जिनीयरिङ एक उच्च जोखिमपूर्ण रणनीति हो, जसबाट लगातार एक क्षेत्रमा फाइदा पुऱ्याउन सकिन्छ भने अर्को क्षेत्रमा नोक्सान पुऱ्याउन सक्छ।"

# निद्रा लगाउने चमत्कारी जुस

तनावले भरिएको जीवनमा निद्रा नलाग्ने समस्या साधारण भइसकेको छ। निद्राको लागि व्यक्तिले अनेक प्रकारका औषधि पनि सेवन गर्छन्, जसको आफ्नै नकारात्मक प्रतिक्रिया पनि छ। तर पिरो चेरीको जुस सेवन गर्दा १० मिनेटमैं निद्रा लाग्छ।

लुजियाना स्टेट युनिभर्सिटीका अनुसन्धानकर्ताले गरेको शोध अनुसार यो




जुस पिउने व्यक्तिलाई बच्चालाई जस्तो निद्रा लाग्ने गर्छ। शोधकर्ताले निद्रा नलाग्ने समस्याबाट ग्रसित आठजनामाथि यो जुस प्रयोग गरेका थिए। यसमध्ये केहीलाई प्लेसबो ड्रग दिइएको थियो भने केहीलाई पिरो चेरीको जुस। तर जसले पिरो चेरीको जुस खाएका थिए, उनीहरूको सुत्ने समय ८४ मिनेट बढेको थियो। चेरीको जुसमा नेचुरल प्लान्ट कम्पाउन्ड हुन्छ, जसलाई proanthocyanidins भनिन्छ, जसले एमिनो एसिड ट्राइप्टोफनलाई उत्तेजित पारेर सेरोटोनिनलाई निष्कासित गर्छ। सेरोटोनिन एउटा नेचरोट्रान्समिटर हो, जसले आराम र निद्रा दिन्छ।

**जुस पिउनुभन्दा पहिले ध्यान दिनुपर्ने कुराः** जुसमा चिनी मिसाउनुहुँदैन किनभने चिनी हालेपछि यस जुसले काम गर्दैन। चाँडै निद्राको लागि राति सुत्नुभन्दा पहिले हेभीडाइट लिनुहुँदैन। सुत्ने समय एकै हुनुपर्छ। राति कफिनजस्ता पदार्थ लिनुहुँदैन।

# सात घण्टामा एक वर्ष समाप्त हुने ग्रह

पृथ्वीमा एक वर्षमा ३६५ दिन हुन्छ। यस क्रममा हाम्रो धर्तीले सूर्यको एक चक्कर पूरा गर्छ। यस एक वर्षमा जाडो, गर्मी, वसन्त, दशैं, तिहार, होली आउँछ। हालै केपलर टेलिस्कोपले एउटा नयाँ ग्रहको खोज गरेको छ। त्यसको अर्बिटल पिरियड थाहा पाउँदा जो कोही पनि चकित हुन्छ। एपिक २४६३९३४७४ बी नामक यस ग्रहमा एक वर्षमा केवल ७ घण्टा मात्र हुन्छ।



केपलर टेलिस्कोपले आफ्नो के२ प्लैनेट हटिङ मिसनको दौरान करीब २३ सय ग्रहको खोज गरिसकेको छ। तर हालै खोजिएको यो ग्रह विशेष रहेको बताइएको छ। यो ग्रह पृथ्वीभन्दा पाँच गुना ठूलो छ। एस्टोनामर्सका अनुसार यस ग्रहमा आइरनको मात्रा ७० प्रतिशत छ। यस ग्रहको Equilibrium तापमान २०३९ के छ। रिसर्चर्सका अनुसार यस ग्रहको पूरा वायुमण्डल स्टेलर रेडिएशनको कारण बर्बाद भइसकेको छ तर आफ्नो ताराको अत्यन्त नजीक भएको कारण यो ग्रह अहिलेसम्म वाष्पमा बदलिएको छैन। वैज्ञानिकहरू यस ग्रहमा एक दिनमा कति घण्टा हुन्छ त्यो पत्ता लगाउँदै छन्।

–प्रतीक डेस्क(एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा २०१ दिनपछिकै सबैभन्दा कम सङ्क्रमित, सक्रिय सङ्क्रमित पनि न्यून

नयाँ दिल्ली, १२ असोज/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या २०१ दिनपछिकै सबैभन्दा कम भएको छ। पछिल्लो समय दैनिक सङ्क्रमितहरूको सङ्ख्या घट्दै जाने क्रममा मङ्गलवार झन्डै सात महीना पछिकै कम भएको हो।

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा १८ हजार ७९५ जना मात्रै नयाँ सङ्क्रमित थपिएका छन्। दैनिक सङ्क्रमित २० हजारभन्दा कम हुनुलाई सन्तोषजनक अवस्थाको रूपमा लिइएको अधिकारीहरूको भनाइ छ। नयाँ सङ्क्रमितमध्ये आधाभन्दा बढी केरलाका मात्रै रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार केरलामा मात्रै पछिल्लो एक दिनमा ११ हजार ६९९ जना सङ्क्रमित भएका हुन्। केरलाबाहेक अन्य क्षेत्रका सङ्क्रमितको सङ्ख्या हेर्दा अत्यन्त न्यून देखिएकाले पनि सन्तोष मान्नुपर्ने अवस्था रहेको अधिकारीहरूको भनाइ छ।

यसलाई अझै घटाउन खोप अभियानसँगै सतर्कता अँगाल्नुपर्ने अभियानलाई निरन्तरता दिइएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म कुल सङ्क्रमित सङ्ख्या तीन करोड ३६ लाख ९७ हजार ५८१ पुगेको छ।

कुल सङ्क्रमितमध्ये दुई लाख ९२ हजार २०६ जना सक्रिय सङ्क्रमित छन्। यो पनि १९२ दिनपछिकै सबैभन्दा कम भएको अधिकारीहरूले जनाएका छन्। अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या कुल सङ्क्रमितहरूको एक प्रतिशतभन्दा पनि कम देखिएको छ। यो सङ्ख्या पनि २०२० को मार्चपछिकै सबैभन्दा कम भएको अधिकारीहरूको भनाइ छ।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म कुल तीन करोड २९ लाख ५८ हजार दुईजना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। तीमध्ये २६ हजार ३० जना पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएका हुन्। दैनिक नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्तहरूको सङ्ख्या धेरै हुँदै गएकोले सक्रिय सङ्क्रमितहरूको सङ्ख्या पनि घट्दै गएको हो।

भारतमा कोरोनाबाट अहिलेसम्म कुल चार लाख ४७ हजार ३७३ जनाको मृत्यु भएको छ। तीमध्ये १७९ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको मन्त्रालयले जनाएको छ।

### बेलायतमा एकै दिन ३७ हजारभन्दा बढीमा कोरोना सङ्क्रमण

लन्डन/सिन्ह्वा

बेलायतमा सोमवार एकै दिनमा ३७ हजारभन्दा बढीमा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। ती सङ्क्रमितहरू पछिल्लो २४ घण्टामा थपिएका समाचारमा जनाइएको छ। प्राप्त समाचार अनुसार यहाँ आइतवार मात्र ३२ हजार ४१७ जना सङ्क्रमित भेटिएकामा त्यो सङ्ख्या बढेर सोमवार ३७ हजार ९६० पुगेको हो। यसरी यहाँ हरेक दिन सङ्क्रमितहरू थपिंदै गएको पाइएको छ।

गएको २४ घण्टा यता मात्र ४० जनाको यो सङ्क्रमणबाट मृत्यु भएको पनि बताइएको छ। थपिएको यो मृत्युसँगै यहाँ ज्यान जानेको सङ्ख्या १ लाख ३६ हजार २०८ पुगेको पनि बताइएको छ। यहाँ अहिलेसम्म ७६ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। लन्डनमा कोभिड १९ को अवस्था केही हप्ता अघिसम्म सामान्य देखिए पनि पछिल्ला दिनमा बढ्दै जान थालेको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्।

अधिकारीहरूले यहाँ पछिल्ला केही दिनयता हरेक दिन ३० हजारभन्दा पनि बढी सङ्क्रमित थपिने गरेको बताएका छन्। रासस



डेल्टा भेरियन्टको कहरबीच लन्डनको भूमिगत मेट्रो ट्रेनमा यात्रारत लन्डनवासीहरू। तस्वीरः एजेन्सी

## अल्जेरियाका दुई पूर्वप्रधानमन्त्रीलाई जेल सजाय

अल्जियर्स, १२ असोज/एएफपी

अल्जेरियाका पूर्व दुई प्रधानमन्त्रीलाई अदालतले जेल सजायको फैसला सुनाएको छ। पूर्व राष्ट्रपति अब्डेलाजिज बौटेफ्लिकाको कार्यकालमा प्रधानमन्त्री भएका दुई नेतालाई अदालतले सजाय तोकेको हो।

पूर्व प्रधानमन्त्री अहमद ओयुयाहीयालाई छ वर्ष र अर्का पूर्व प्रधानमन्त्री अब्डेल्मालेख सेल्लाललाई पाँच वर्ष जेल बस्नुपर्ने भनिएको छ।

उनीहरूलाई सार्वजनिक शक्ति र सम्पत्तिको दुरुपयोग गरी भ्रष्टाचार गरेको लगायत मुद्दा लगाइएको समाचारमा जनाइएको छ। सरकारी अधिकारीहरूका लागि राज्यले बनाउन लागेको आवासीय भवन बनाउने क्रममा अनियमितता गरेको विषयलाई मुख्य मुद्दा बनाइएको छ।

भवन बनाउने काममा प्रमुख हमीद मेल्जीलाई भने यस अघि नै पाँच वर्षको जेल सजाय तोकिएको छ। उनलाई भवन बनाउने क्रममा अनियमितता गरेर राष्ट्रको अर्थतन्त्रमा नकारात्मक असर पारेको आरोप लगाइएको छ।

पूर्व प्रधानमन्त्री ओयुयाहीया सन् १९९५ देखि २०१९ सम्म पटक–पटक चारपटक प्रधानमन्त्री बनेका थिए।

त्यसैगरी अर्का पूर्व प्रधानमन्त्री सेल्लालले सन् २०१४ देखि २०१७ सम्म प्रधानमन्त्रीका रूपमा सरकारको नेतृत्व गरेका थिए। उनी बौटेफ्लिकाको चार ओटै निर्वाचनको मुख्य व्यवस्थापक थिए। तत्कालीन राष्ट्रपति बौटेफ्लिकाले गत सन् २०१९ मा राजीनामा दिएका थिए। हप्तौंको आम नागरिकको आन्दोलन र सेनाको दबाबका कारण उनले राजीनामा दिनुपरेको थियो। उनको यही सेप्टेम्बर महीनामा ८४ वर्षको उमेरमा निधन भएको छ। रासस

## उत्तर कोरियाद्वारा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार –जापान

टोक्यो, १२ असोज/सिन्ह्वा

उत्तर कोरियाले सोमवार एक आणविक क्षेप्यास्त्र प्रहार गरेको जापानले बताएको छ। समय–समयमा आणविक परीक्षण गरिरहने उत्तर कोरियाले सोमवार पनि क्षेप्यास्त्र हानेको जापानले बताएको हो।

यस समाचारलाई विश्वका समाचार समितिहरूले पनि सम्प्रेषण गरेका छन्। जापान सरकारलाई उद्धृत गर्दै दिइएको सो समाचारमा उत्तर कोरियाले फेरि पनि क्षेप्यास्त्र हानेको जनाइएको छ।

जापान सरकारका एक अधिकारीले भनेका छन् कि उत्तर कोरियाले सो क्षेप्यास्त्र हानेको छ र उक्त क्षेप्यास्त्र पानीमा खसेको अनुमान गरिएको छ। जापानको एउटा आर्थिक क्षेत्र नजीकको समुद्रमा सो क्षेप्यास्त्र खसेको अनुमान गरिएको छ। तर पनि अहिले नै सो ब्यालेस्टिक क्षेप्यास्त्र कति टाढासम्म मार हान्न सक्ने क्षमताको हो भन्नेबारे भने केही बताइएको छैन।

यस क्षेप्यास्त्र परीक्षणबारे उत्तरले भने प्रारम्भिकरूपमा कुनै जानकारी दिएको छैन। कोरियाले त्यो के कस्तो हो र यसको शक्ति कति हो भन्नेबारे कुनै पुष्टि गरेको छैन। उत्तर कोरियाले बारम्बार यस्ता क्षेप्यास्त्रहरू परीक्षण गर्दै आएको छ। केही समय अघि पनि उसले अन्तर्महादेशीय क्षेप्यास्त्र हानेको बताइएको थियो। जो जापानको समुद्रसम्म पुगेर निस्तेज भई खसेको जापानले जनाएको थियो। रासस

## एक हजार १५८ जना सङ्क्रमित

काठमाडौं, १२ असोज/रासस

पछिल्लो २४ घण्टामा ११५८ जना कोरोना सङ्क्रमित थपिएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार १४ हजार तीनजनामा कोभिड–१९ परीक्षण गर्दा ११५८ जनामा सङ्क्रमण पाइएको हो। आज थपिएकासँगै देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १८४२२ पुगेको छ। हाल सङ्क्रमण दर १८.९ प्रतिशत रहेको छ।

यस्तै, ५०० जनाभन्दा बढी सङ्क्रमित भएका जिल्ला नौ र २०० जनाभन्दा बढी सङ्क्रमित भएका जिल्ला २० रहेका छन्। मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, कास्की र रूपन्देहीमा पाँच सयजनाभन्दा बढी सङ्क्रमित रहेका छन्। पछिल्लो २४ घण्टामा १३१८ जना सङ्क्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुने कुल सङ्ख्या सात लाख ६३ हजार ७३४ रहेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.३ प्रतिशत रहेको छ।

यस्तै, सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १२ जनाको ज्यान गएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ११५ जनाको निधन भइसकेको छ। हाल देशभर ३६४ जना सघन उपचार कक्ष (आइसियू), १२० जना भेन्टिलेटर, १७ हजार १२५ जना होम आइसोलेशन, एक हजार २९७ जना संस्थागत आइसोलेशन र ३२८ जना क्वारेन्टाइनमा छन्।

यस्तै, आज देशभरि दुई लाख आठ हजार ९० जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ६९ लाख ६० हजार ८२८ जनाले पहिलो मात्रा र ६२ लाख पाँच हजार ७७० जनाले पूर्ण मात्राको खोप लगाएका छन्।

## अनेरास्ववियुको सिमरामा क्याम्पस कमिटी गठन

प्रस, जीतपुर, १२ असोज/

नेकपा एमालेनिकट अनेरास्ववियुको सिमरा कलेजमा अध्ययनरत विद्यार्थीहरूको प्रारम्भिक कमिटी गठन भएको छ। जीतपुरसिमरा उपमहानगरपालिका–२ को सभाहलमा भएको भेलामा प्रमुख अतिथि नेकपा एमाले बाराका प्रचारविभाग प्रमुख मनोज पौडेलले विद्यार्थीहरूले नै समाजलाई परिवर्तन गर्ने भएकाले एकजुट भएर अगाडि बढ्न आग्रह गरे। उनले समाजमा भएका विकृति र विसङ्गति अन्त्यका लागि र देश निर्माणमा युवा विद्यार्थीको भूमिका महत्त्वपूर्ण रहेको बताए।



उनले गलत र सहीलाई छुट्याएर गलतका विरुद्धमा अगाडि बढ्नुपर्नेमा जोड दिए। अनेरास्ववियु केन्द्रीय सचिवालय सदस्य त्रिलोकविक्रम शाहले विद्यार्थीले निश्शुल्क र सर्वसुलभ शिक्षाका लागि सम्पूर्ण विद्यार्थी एकजुट हुनुपर्ने कुरामा जोड दिए।

आतिश श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा अनेरास्ववियुका केन्द्रीय सदस्य मनीष प्याकुरेल, बारा जिल्ला सहसंयोजक कपिल खरेल लगायतले विद्यार्थी हकहित प्राप्तिका लागि एकजुट भएर अगाडि बढ्नुपर्नेमा जोड दिए।

कार्यक्रममा जिल्ला कमिटी सदस्यहरू ईश्वर बस्नेत, सुशान्त साह, निर्जल घिमिरे, विज्ञान क्षत्रीलगायतको सहभागिता थियो।

भेलाले समीर लुइँटेलको अध्यक्षतामा ३१ सदस्यीय प्रारम्भिक कमिटी गठन गरेको छ। कमिटीको उपाध्यक्ष नितेश घिमिरे, सचिव सन्तोष दाहाल, सहसचिव सुगम अर्याल, कोषाध्यक्ष रविना गौतमलगायतका सदस्यहरू छन्।

## छात्रवृत्तिको रकमबाट पोशाक वितरण

प्रस, पचगावाँ, १२ असोज/

पटेर्वासुगौली गाउँपालिका–५ मा सञ्चालित नेपाल राष्ट्रिय आधारभूत विद्यालय मनिहर्वामा मङ्गलवार छात्रवृत्ति वितरण गरिएको छ। विद्यालयमा अध्ययनरत कक्षा एकदेखि पाँचसम्मका बालबालिकाहरूलाई छात्रवृत्तिबापतको रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णयले पोशाक वितरण गरिएको विद्यालयका प्रधानाध्यापक हरिराज यादवले बताए।



बालबालिकालाई पोशाक वितरण गर्दै। तस्वीरः प्रतीक

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ठाकुरप्रसाद थारू, वडासदस्य पलटप्रसाद थारू, स्थानीय अभिभावक पार्वतीदेवी माझी, मञ्जु देवीलगायतको सहभागितामा पोशाक वितरण गरिएको प्रअ यादवले बताए।

## मानसिक सन्तुलन बिग्रिएकी गर्भवतीको उद्धार



प्रस, वीरगंज, १२ असोज/

मानसिक सन्तुलन बिग्रिएकी एकजना गर्भवती महिलालाई मानवसेवा आश्रम वीरगंजले उद्धार गरेको छ।

मानवसेवा आश्रम वीरगंज शाखाकी संयोजक सानु मानवसेवाले धनुषा जिल्लाको धारापानीधाम नगरपालिका–९ धारापानीबाट रीनाकुमारी देवीको उद्धार गरेको बताइन्। उनको मानसिक सन्तुलन बिग्रिएको हुनाले रीनाकुमारीले मानिसलाई देख्दा गाली गर्ने, एक्लै कराइरहने गरिरहेकी थिइन्। मानवसेवा आश्रम वीरगंजबाट सामाजिक अभियन्ता प्रकाश थारू र अजितम पाण्डेलगायतको टोली त्यहाँ पुगेर उद्धार गरी ल्याएको उनले बताइन्।

रीनाकुमारीलाई अहिले वीरगंजस्थित प्रभु हस्पिटलमा राखेर उपचार गराइरहेको सानु मानवसेवाले बताइन्। उनी गर्भवती भएकी र मानसिक सन्तुलन बिग्रिएको कारण उनको अस्पतालमा उपचार भइरहेको र उपचारपछि आश्रममा राखिने सानु मानवसेवाले बताइन्।

## लायन्सद्वारा विद्यालयलाई सहयोग

प्रस, वीरगंज, १२ असोज/

वीरगंज महानगरपालिका–१८ सौराहास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा लायन्स क्लब अफ वीरगंजले पङ्खा हस्तान्तरण गरेको छ।



पङ्खा हस्तान्तरण गर्दै। तस्वीरः सौजन्य

लायन्स क्लब अफ वीरगंजको आयोजना र उपकार सेवा नेपालको सौजन्यमा छ थान पङ्खा हस्तान्तरण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष ब्रह्मदेवप्रसाद कुर्मीले आगामी दिनमा विद्यालयको भौतिक संरचनाका साथै पढाइमा सुधारको आवश्यकता रहेको औंल्याए।

लायन्स क्लब अफ वीरगंजका अध्यक्ष छेडुप लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपकार सेवा नेपालका अध्यक्ष पूजा सरावगी, मनोहर टिबडेवाला, बलराम श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुनील पटेल, प्रअ रामेश्वरप्रसाद पटेललगायतको सहभागिता थियो। कार्यक्रममा बलराम श्रेष्ठले स्वागत र पप्पु श्रीवास्तवले सहजीकरण गरेका थिए।


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – धनखति |
| मिथुन – सुयश | कर्कट – अलमल |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यभय | वृश्चिक – रोगभय |
| धनु – व्यापारलाभ | मकर – कडापरिश्रम |
| कुम्भ – कार्यनाश | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# दशैं लक्षित आयातले भन्सार राजस्वमा वृद्धि

प्रस, परवानीपुर, ११ असोज/

वीरगंज भन्सार नाका भएर पछिल्लो



वीरगंज भन्सार कार्यालयको गोदामघर । तस्वीर: प्रतीक

समय दशैं लक्षित सामानको आयात बढेको छ।

सामान बढ्दा राजस्व सङ्कलनमा पनि सकारात्मक वृद्धि देखिएको छ। वीरगंज भन्सारको तथ्याङ्क अनुसार चालू आवको गत साउन र भदौ गरी दुई महीनामा रु २७ अर्ब ५३ करोड ६९ लाख ३९ हजार लक्ष्य पाएकोमा करीब रु ५ अर्ब बढी अर्थात् रु ३२ अर्ब ५५ करोड ३१ लाख ३० हजार राजस्व सङ्कलन भएको छ। यो लक्ष्यभन्दा करीब १८ प्रतिशतले बढी हो। जबकि गत आव २०७७/७८ को सोही अवधिमा लक्ष्यको तुलनामा ९५ प्रतिशत राजस्व सङ्कलन भएको थियो। त्यस बेला रु १७ अर्ब १९ करोड ९९ लाख ६१ हजार राजस्व सङ्कलन लक्ष्य पाएकोमा रु १६ अर्ब ४० करोड ७० लाख ८२ हजार राजस्व सङ्कलन भएको वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले बताए।

चालू आवको साउन र भदौमा भन्सार महसूलतर्फ रु १० अर्ब ७९ करोड २९ लाख ३८ हजार लक्ष्य पाएकोमा रु ११ अर्ब ७२ करोड ५८ लाख ९७ हजार राजस्व सङ्कलन भएको थियो भने मूल्य अभिवृद्धि करतर्फ रु ८ अर्ब ४९ करोड ६१ लाख २७ हजार लक्ष्य पाएकोमा रु १२ अर्ब २६ करोड ४९ लाख ६६ हजार, अन्त:शुल्कतर्फ रु ४ अर्ब ५ करोड १५ लाख ८६ हजार लक्ष्य पाएकोमा रु ४ अर्ब ४१ करोड ५० लाख २२ हजार, पूर्वाधार विकास करतर्फ रु २ अर्ब ११ करोड ७७ लाख ५६ हजार लक्ष्य पाएकोमा रु २ अर्ब ७ करोड ४७ लाख ४२ हजारलगायत गरी कुल रु ३२ अर्ब ५५ करोड ३१ लाख ३० हजार राजस्व सङ्कलन भएको हो।

गत आव २०७७/७८ को साउन र भदौमा भन्सार महसूलतर्फ रु ७ अर्ब ५ करोड ६९ लाख ८२ हजार लक्ष्य पाएकोमा रु ६ अर्ब ४२ करोड ५५ लाख ९० हजार, मूअकतर्फ रु ६ अर्ब ३५ करोड ५३ लाख ४९ हजार लक्ष्य पाएकोमा रु ६ अर्ब ७ करोड ७ लाख ३७ हजार, अन्त:शुल्कतर्फ रु २ अर्ब १६ करोड २६ लाख ९४ हजार लक्ष्य पाएकोमा रु १ अर्ब ८९ करोड ४६ लाख ९ हजार, पूर्वाधार विकास करतर्फ रु १ अर्ब ४१ करोड ७२ लाख २३ हजार लक्ष्य पाएकोमा रु १ अर्ब २७ लाख २० हजारलगायत गरी कुल रु १७ अर्ब ४० करोड ७० लाख ८२ हजार लक्ष्य पाएको थियो।

नेपालमा कोरोना महामारी कम भएपछि बजार, कार्यालय, उद्योग, यातायात, होटल, पर्यटन क्षेत्रलगायतका अन्य क्षेत्र बिस्तारै लयमा फर्किन थालेपछि मालसामानको आयात बढेको हो। वीरगंज नाकाबाट डिजेल, पेट्रोल, नयाँ सवारीसाधन, एलपी ग्याँस, सिङ्गल/डबल क्याब (पिकअप भ्यान) भटमास, खजुर (पाम), सूर्यमुखी तेलका कच्चा तेल, एमएस बिलेट, एचआर सिट, एचआर स्ट्रिप्स, भटमास, पोलिथिन दाना, लुब्रिकेन्ट्स, तयारी कपडा, बस, ट्रकका चेसिसलगायतका सामानहरूको आयात पोहोरभन्दा वृद्धि भएको छ।

# वीरगंजमा सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, १२ असोज/

वीरगंजको अस्पतालमा बाराका एकजना कोरोना सङ्क्रमितको मृत्यु भएको छ।

नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले एडभान्स मेडिकेयर अस्पतालमा भर्ना भएका बाराका २० वर्षीय युवक मुस्तफा अन्सारीको मृत्यु भएको बताए।

अन्सारीको भदौ २५ गते पिसिआर परीक्षण गर्दा सङ्क्रमित देखिएका थिए। उनी एडभान्समा असोज ५ गतेदेखि भर्ना रहेको र असोज ११ गते राति पौने दश बजे निधन भएको डा सिंहले पुष्टि गरे। वीरगंजको अस्पतालमा कोभिड सङ्क्रमितसँगै मृत्युदर पनि घटेको थियो। केही दिनदेखिको पिसिआर परीक्षणबाट सङ्क्रमित देखिएका छैनन् भने दुई महीनाभन्दा बढी समयपछि सङ्क्रमितको मृत्यु भएको हो।

# कालिकामाई गापामा अख्तियारको छापा

प्रस, वीरगंज, १२ असोज/

कालिकामाई गाउँपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाले छानबीन शुरू गरेको छ।

**चित्त नबुझेको विषयमा उजूरी परेकाले अख्तियारको टोली छानबीन गर्न गाउँपालिकामा आएको हो।**

अख्तियारको टोलीले दुई दिनसम्म गापाको कार्यालयमा पुगी विभिन्न योजनाको अनुगमन तथा सोसम्बन्धी केही फाइलहरू लगेको बुझिएको छ। गत आवको असार २० देखि ३१ गतेसम्म भुक्तानी भएका फाइलमा अनियमितता भएको उजूरी परेपछि अख्तियारको टोलीले अनुसन्धान प्रक्रिया अगाडि बढाएको हो।

सो गापासँग अख्तियारले उजूरीसम्बन्धी फाइलहरू माग गर्दा नपठाएपछि टोली आफैं आएर फाइल लगेको बुझिन आएको छ।

यसबारे वडाध्यक्ष पवन तिवारीसँग बुझ्दा उनले जनताको चित्त नबुझेको विषयमा उजूरी परेकाले अख्तियारको टोली सोही विषयमा छानबीन गर्न गाउँपालिकाको कार्यालयमा आएको बताए। उनले चित्त नबुझेका योजनाहरूको अख्तियारको टोलीले अनुगमन गरेको पनि पुष्टि गरे। चित नबुझेका केही योजनाहरूको टोली आफैंले अनुगमन गरेको वडाध्यक्ष तिवारीले बताए।


## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवाद उन्मुख अर्थतन्त्र।

नेपाल सरकार
विज्ञापन बोर्ड


**एकै दिन ...**

०००१ नम्बरको ट्याक्टरबाट बिलबिजक नभएको ४६ बोरा सुपारी, १० बोरा छोहोडा, ७ बोरा केराउ र ५ बोरा मरिच बरामद गरेको थियो। पर्सा



प्रहरीका प्रवक्ता ओमप्रकाश खनालले अवैध सामान बरामद भएपछि चालक धोबिनी गापा-५ का ४५ वर्षीय आलिम अन्सारीलाई पक्राउ गरिएको बताए। उनले सो ट्याक्टरको सामान भारतीय सीमावर्ती क्षेत्र सिकटा लैजाने गरी छिपहरमाई गापाको भिस्वा बजार लान खोजिएको बताए। ट्याक्टरबाट १२ लाख मूल्यको सामान बरामद भएको उनले बताए। बरामद सामान कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया पठाइएको उनले बताए।

यसैगरी, जिप्रका पर्साले विभिन्न



स्थानबाट बरामद करीब सात लाख मूल्य बराबरको भन्सार छलीका सामान बरामद गरी आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालय पठाएको छ।

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले सोमवार राति नौ बजेको समयमा वीरगंज महानगरको इनर्वा, नगवा र घण्टाघर लिङ्करोडबाट विभिन्नथरीका लत्ताकपडा र मोबाइल कभर बरामद भएको बताए। उनले भन्सार छलीका रु ६ लाख ८३ हजारको सामान बरामद भएको र आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालय पठाएको बताए।

**वन क्षेत्रका ...**

पर्सा राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत सन्तोष भक्तसँग बुझ्दा उनले उपभोक्ता समिति पुनर्गठनको प्रक्रिया शुरू भएको बताए।

समिति पुनर्गठनको प्रक्रिया अन्तर्गत समितिमा जनसङ्ख्या तथा भौगोलिक आधारमा निर्माण गरिएका समूहको पुनर्गठन गर्नका लागि कर्मचारी खटाइसकेको उनले बताए। प्रक्रिया चाँडै सम्पन्न गरी असोज मसान्तभित्रै सम्पूर्ण मध्यवर्ती उपभोक्ता समिति गठन गरिने सहायक संरक्षण अधिकृत भक्तले बताए।

# खेलकूदको संसार

## स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल चौथो दिनको खेलमा ठोरी-२ विजयी



माधव तिमिल्सिना, ठोरी, १२ असोज/

पर्साको ठोरी-४ विजयबस्तीमा जारी समाजसेवी स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकपको चौथो दिन मङ्गलवारको खेलमा वनशक्ति क्लब ठोरी-२ विजयी भएको छ। भक्तपुर एफसीलाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गरेको हो।

प्रतिस्पर्धात्मक खेलको मध्यान्तरअघि भक्तपुरका रक्षकले गोल पोस्टनजीकै ह्यान्डबल गर्दा ठोरीले पेनाल्टी पाएको थियो। पेनाल्टीलाई ठोरीका कृष्ण शाक्यले गोलमा परिणत गरेका थिए र सो गोल नै निर्णायक साबित भयो।

खेलको सम्पूर्ण अवधिभर भक्तपुरले ठोरीलाई दबाबमा राखेर खेले पनि गोल भने गर्न सकेन। उसले पटक-पटक गोल गर्ने प्रयास गरेको भएपनि सबै प्रयास असफल रहे।

आजको खेलको 'म्यान अफ दि म्याच' भने भक्तपुरका जम्मे धामी घोषित भए। भोलिको खेल हेटौंडा फूटबल क्लब, हेटौंडा र निर्मल समाज युवा क्लब ठोरी-४ बीच हुने आयोजकले जनाएको छ।

## एपिएफ र न्यू डाइमन्ड विजयी

काठमाडौं, १२ असोज/रासस

छैटौं राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिप अन्तर्गत महिलातर्फ विभागीय टोली नेपाल एपिएफ क्लब र न्यु डायमन्ड स्पोर्ट्स क्लबले जीत हासिल गरेका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप) को कभर्ड हलमा आज भएको महिलातर्फको खेलमा एपिएफले तीन भारतीय खेलाडी सम्मिलित ढोरपाटन स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गरेको हो। एपिएफले ढोरपाटनमाथि पहिलो सेट २५-११, दोस्रो सेट २५-७ तथा तेस्रो सेट २५-६ ले खेल आफ्नो पक्षमा पार्‍यो।

त्यस्तै अर्को खेलमा न्यु डायमन्ड स्पोर्ट्स क्लबले एभरेस्ट भलिबल ट्रेनिङ क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गर्‍यो। डायमन्डले पहिलो सेट २५-६, दोस्रो २५-५ र तेस्रो तथा अन्तिम सेट २५-१३ को जीत निकाल्न सफल भयो।

महिला र पुरुष टोलीको विजेताले समान रु चार लाख तथा उपविजेताले रु दुई लाख प्राप्त गर्नेछन्। त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख प्राप्त गर्नेछ। च्याम्पियनसिपमा सर्वोत्कृष्ट घोषित हुने खेलाडीले रु २५ हजार तथा उत्कृष्ट घोषित हुने अन्य विधा स्पाइकर, सेटर, ब्लकर, सर्भर, डिफेन्स र प्रशिक्षकले जनही रु १० हजार प्राप्त गर्नेछन्।